# कमल गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
तोपगाछी, झापा
१ नं. प्रदेश, नेपाल

प. स. ०७७/०७८
च. न. २८८४

मिति २०७७।०३।३०

श्री वडा कार्यालय सवै
कमल गा. पा., झापा

**विषय - सामाजिक सुरक्षा पचियपत्र नविकरण गराउने सम्बन्धि अत्यान्त जरुरी सुचना**

प्रस्तुत विषयमा सामाजिक सुरक्षा नियमावली २०७६, को नियम ९ मा सामाजिक सुरक्षा तथा परिचय पत्र नवीकरण गर्नपर्ने व्यवस्था बमोजिम यस गाउँपालिका अन्तर्गतका ७ वटै वडाहरुमा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुले सम्बन्धित वडा कार्यालयमा उपस्थित भै तोकिएको ढाँचामा निवेदन दिई २०७७ श्रावण मसान्त भित्र अनिर्वाय रुपमा आफ्नो सामाजिक सुरक्षा परिचयपत्र नवीकरण गराउनु हुन सूचित गरिन्छ । बालबालिका वा आफै उपस्थित हुन नसक्ने व्यक्तिको हकमा निजको आमा बाबु संरक्षक वा स्याहार सुरसार गर्ने व्यक्तिले निवेदन दिन सक्नेछन। र राष्ट्रिय परिचय पत्र तथा पजीकरण विभागको निर्देशन अनुसार ६० वर्ष भन्दा कम उमेर भएका विधवा र अति अशक्त अपाङ्गता भएका व्यक्तिहरुको हकमा नयाँ दर्ताको लागि विभागबाट अर्को सूचना जारी नभए सम्मको लागि नयाँ दर्ता तथा नवीकरण नगर्नुहुन अनुरोध छ।

<u>सामाजिक सुरक्षा परिचयपत्र नवीकरण गर्न आउँदा ल्याउनुपर्ने कागजातहरुर /वडा सचिवले संकलन गर्नुपर्ने कागजातहरु</u>

- नागरिकता प्रमाण पत्रको प्रतिलिपि, . बालबालिकाको हकमा जन्मदर्ताको प्रतिलिपि,
- सम्बन्ध विच्छेद गरी अर्को विवाह नगरेकी ६० बर्ष उमेर पुगेका महिलाको हकमा सम्बन्ध विच्छेद दर्ताको प्रतिलिपि र अर्को विवाह नगरेको प्रमाण,
- विधुवा महिलाको हकमा पतिको मृत्यु दर्ताको प्रमाणपत्रको प्रतिलिपि,
- एकल महिलाको हकमा विवाह नगरेको वडाको सिफारिस पत्र,
- न्यायिक पृथकीकरण गरी बसेकी महिलाको हकमा न्यायिक पृथकिकरण भएको प्रमाण,
- अपाङ्गता भएको व्यक्तिको हकमा गाउँपालिकाबाट जारी भएको अपाङ्गता परिचयपत्रको प्रतिलिपि

लाभग्राहीले भरेको व्यहोरा ठीक छ निजले राज्यकोष तथा अन्तराष्ट्रिय निकायबाट मासिक पारिश्रमिक, नियमित रुपमा पाउने पेन्सन वा यस्तै प्रकारका कुनै अन्य सुविधा पाएको छैन साथै बाल पोषण भत्ता पाउने बालबालिकाका संरक्षक दम्पती दुवै जना मध्ये कुनै एक मात्र पनि सरकारी वा औपचारिक सेवामा कार्यरत छैनन् र कुनै व्यवसाय दर्ता गरी सञ्चालन गरिरहेका पनि छैनन् उल्लेखित विवरण साँचो हो निजको सामाजिक सुरक्षा भत्ता आ.व २०७७।७८ को लागी नविकरण गरिदिए फरक पर्दैन भनि प्रमाणित गर्ने ।

(साविकको महिला तथा बालबालिका कार्यालय वा गाविसले बनाएको अपाङ्गता परिचयपत्र मान्य हुनेछैन)

..............................
सुवास श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

"सक्षम निजामति प्रशासन: विकास, समृद्धि र सुशासन"

"समृद्ध कमल हाम्रो सरोकार"

Email:info@kamalmun.gov.np Website: kamalmun.gov.np फोन नं. ०२३-४७५०८१